हेभी ईक्यूपमेन्ट (निर्माण उपकरण) चालक अनुमतीपत्र जारी गर्नेको लागि लिइने प्रयोगात्मक तथा अन्तवार्ता परीक्षा सम्बन्धि मापदण्ड, २०७९

माननीय मन्त्रीस्तरीय निर्णयबाट
स्वीकृत मितिः २०७९/०८/२९

१. प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ

(१) प्रस्तावनाः बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय अन्तगर्तको यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतीपत्र) द्वारा सवारी चालक अनुमतीपत्र जारी गर्नको लागि संचालन गरिने परीक्षा अन्तगर्त लिखित, प्रयोगात्मक र अन्तवार्ता परीक्षामा समय सापेक्ष सुधार र संशोधन हुँदै आएको छ। खास गरी हेभी ईक्यूपमेन्ट (निर्माण उपकरण) को चालक अनुमतीपत्र प्रदान गर्दा प्रयोगात्मक र अन्तवार्ता परीक्षा लिने कानूनी व्यवस्था रहेकोमा प्रयोगात्मक परीक्षाको मापदण्ड तोकिएको भए पनि अन्तवार्ता परीक्षाको लागि कुनै निश्चित मापदण्ड नरहेको सन्दर्भमा अन्तवार्ता परीक्षालाई वस्तुनिष्ठ, पारदर्शी, अनुमानयोग्य र समयसापेक्ष बनाउन आवश्यक देखिएकोले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड स्वीकृत गरी जारी गरेको छ ।

(२) यस मापदण्डको नाम हेभी ईक्यूपमेन्ट (निर्माण उपकरण) चालक अनुमतीपत्र जारी गर्नको लागि लिइने प्रयोगात्मक तथा अन्तवार्ता परीक्षा सम्बन्धि मापदण्ड, २०७९ रहेको छ।

(३) यो मापदण्ड मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

(४) यो मापदण्ड बागमती प्रदेश भरी लागू हुनेछ ।

२. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) 'ऐन' भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७५ लाइ सम्झनु पर्दछ ।

ख) 'मन्त्रालय' भन्नाले श्रम,रोजगार तथा यातायात मन्त्रालय सम्झनु पर्छ ।

ग) 'कार्यालय' भन्नाले यस मन्त्रलाय अन्तगर्त रहेको सवारी चालक अनुमती पत्र प्रदान गर्ने यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवस्था सेवा कार्यालय सम्झनु पर्छ ।

घ) 'हेभी ईक्युपमेन्ट' भन्नाले मोबाइल क्रेन, डोजर, विटुमिन डिस्टीब्युटर, इस्काभेटर, फोर्कलिफट टक, मोटर ग्रेडर, चिप्स स्प्रेडर, पाइल डाइभर, लोडर, रोड मार्किंग मेसिन, रोलर,ब्रिज इन्सपेक्सन इकयुपमेन्ट, पटहोल प्याचर, लगायतका अर्थमुभर तथा अन्य निर्माण उपकरणलाई सम्झनुपर्दछ ।

ङ) 'परीक्षा' भन्नाले हेभी ईक्यूपमेन्ट (निर्माण उपकरण) को चालक अनुमती पत्र प्रदान गर्न संचान गरिने प्रयोगात्मक र अन्तवार्ता परीक्षा सम्झनु पर्छ ।

च) 'सेवा प्रदायक' भन्नाले प्रयोगात्मक परीक्षा स्थल र परीक्षाको लागि आवश्यक सवारी साधन उपलब्ध गराउने प्रचलित कानून बमोजिम दर्ता भएको कम्पनी,संस्था,फर्मलाई सम्झनु पर्दछ।

### ३. परीक्षा संचालन

१) हेभी ईक्युपमेन्ट (निर्माण उपकरण) चालक अनुमतीपत्रको लागि संचालन गरिने प्रयोगात्मक परीक्षा सवारी चालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका, २०७४ बमोजिम दर्ता भएको "घ" वर्गको प्रशिक्षण केन्द्रमा मात्र संचालन गरिनेछ ।

२) यस अन्तगर्त प्रयोगात्मक र अन्तवार्ता परीक्षा संचालन गरिनेछ। परीक्षार्थी प्रयोगात्मक र अन्तवार्ता परीक्षामा छुटाछुटै रुपमा सफल हुनु पर्नेछ। प्रयोगात्मक परीक्षामा असफल भएको परीक्षार्थीको अन्तवार्ता संचालन गरिने छैन।

३) हेभी ईक्यूपमेन्ट (निर्माण उपकरण) को प्रयोगात्मक परीक्षा निम्नानुसार संचालन गर्नु पर्नेछः-

(क) प्रयोगात्मक परीक्षा संचालनको लागि परीक्षण स्थल कार्यालयले सवारी चालक अनुमती पत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनोट तथा संचालन) कार्यविधि,(पहिलो संशोधन), २०७९ को व्यवस्था अनुसार प्रतिस्पर्धात्मक खरिद विधिबाट छनोट गरेको "घ" वर्गको स्वीकृत प्रशिक्षण केन्द्र (संस्था) संग नियमानुसार सम्झौता गरि निर्धारण गरेको स्थलमा संचालन गर्नुपर्नेछ।

(ख) "घ" वर्गको प्रशिक्षण केन्द्र सवारी चालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका, २०७४ बमोजिम नियमानुसार मन्त्रालयमा दर्ता भई नियमित रुपमा कार्यालयमा नविकरण भएको हुनु पर्नेछ ।

(ग) परीक्षा संचालन हुनु भन्दा पहिला कार्यालयको तर्फबाट प्राविधिकले परीक्षण स्थल र प्रयोग हुने उपकरण (मेसिन) दुरुस्त रहे नरहेको परीक्षण गरि परीक्षा संचालन गर्न अनुमती दिनेछ ।

(घ) प्रयोगात्मक परीक्षामा सहभागी हुन परीक्षार्थीले स्वीकृती प्राप्त "घ" वर्गको प्रशिक्षण केन्द्रबाट ३० घण्टा (१५ दिन अवधिको) तालिम प्राप्त गरेको प्रमाणपत्र वा सम्बन्धित कार्य गर्ने सरकारी निकायबाट कम्तीमा १ वर्ष काम गरेको अनुभवको सिफारिशपत्र पेश गर्नु पर्नेछ ।

(ङ) परीक्षा संचालनको लागि प्रयोगात्मक र अन्तवार्ता परीक्षा स्थल र हेभी सवारी साधन उपलब्ध गराए वापत सेवा प्रदायकले कार्यालयले सम्बन्धित संस्थासंग गरेको सम्झौतामा उल्लेख भएको सेवा शुल्क भन्दा बढी लिन पाउने छैन। सेवा प्रदायक छनौटको लागि सुचना गर्नुभन्दा पहिला सेवा शुल्क सम्बन्धमा कार्यालयले निर्णय गर्नुपर्नेछ।

(च) परीक्षार्थीले **Heavy Equipment** को ईन्जिन स्टार्ट गरी निम्न अनुसारको प्रयोगात्मक परीक्षा दिनु पर्नेछः-

- **Heavy Equipment start** गरी ५० मीटर अगाडी पछाडी (ब्याक) चलाउने ।
- **Heavy Equipment** को प्रयोग गरी कम्तीमा १५ मिनेट भित्र तीन पटक दोहोरो कार्य सम्पन्न गर्ने (जस्तै रोलरले कम्प्याक्सन गर्ने,डोजरले माटो हटाउने, एक्सभेटरले माटो खनेर लोड तथा अनलोड गर्ने आदि) ।

४) हेभी ईक्यूपमेन्ट (निर्माण उपकरण) को अन्तवार्ता (मौखिक) परीक्षा देहाय अनुसार संचालन गरिनेछः

क) अन्तवार्ता समितिको गठनः

- अन्तवार्ताको लागि अन्तवार्ता समितीको गठन नियमानुसार कार्यालयले गर्नेछ।

- अन्तवार्ता समितिमा ३ जना सदस्य रहनेछन् । १ जना मेकानिकल सेवाको प्राविधिक कर्मचारी अनिवार्य रहने गरी २ जना सदस्य कार्यालयबाट तोकिनेछ भने १ जना ट्राफिक प्रहरीबाट तोकिनेछ।
- अन्तवार्ता समिति गठन गर्दा १ जना कम्तीमा अधिकृत स्तरको कर्मचारीलाई अन्तवार्ता समितिको संयोजकको रुपमा कार्यालयले तोक्नेछ ।
- कुनै विशेष अवस्था परी २ जना सदस्य मात्र उपस्थित भएको खण्डमा अन्तवार्ता संचालन गर्न बाधा पर्ने छैन ।

ख) अन्तवार्ता परीक्षाको अंक निर्धारण

- अन्तवार्ताको समयाअवधि वढीमा ३० मिनेटको हुनेछ ।
- अन्तवार्ताको कुल पूर्णांक १५ (पन्ध्र) अंक हुनेछ ।
- अन्तवार्तामा प्रत्येक सदस्यले वढीमा ५ वटा प्रश्न सोध्न सक्नेछन् । यसरी अन्तवार्ता भरी १ जना परीक्षार्थीसंग वढीमा १५ वटा प्रश्न सोधिनेछन् । प्रत्येक प्रश्नको अंकभार १(एक) अंक हुनेछ । परीक्षार्थीलाई प्रत्येक सही उत्तर वापत १ अंक प्रदान गरिनेछ ।
- कुल १५(पन्ध्र) पूर्णांकमा परीक्षार्थीले ९(नौ)अंक ल्याएको खण्डमा अन्तवार्तामा पास भएको मानिनेछ।

ग) अन्तवार्ता संचालन विधि

- प्रयोगात्मक परीक्षा सम्पन्न भएको परीक्षार्थीको रोलक्रम अनुसार यथा सम्भव प्रयोगात्मक परीक्षा स्थलमै अन्तवार्ता संचालन गरिनेछ ।
- प्रत्येक परीक्षार्थीको अनिवार्य उपस्थिती हाजिर गर्नु पर्नेछ ।
- अन्तवार्ता समितिका प्रत्येक सदस्यले आफूले सोधेको प्रश्न र उत्तर अनुसार प्रत्येक परीक्षार्थीले पाएको अंक अनुसूचि १ बमोजिमको ढाँचामा चढाई हस्ताक्षर गरि समितिको संयोजककोमा पेश गर्नु पर्नेछ ।
- अन्तवार्ता संयोजकले अनुसूचि २ को ढाँचामा सबै सदस्यबाट प्राप्त अंक गणनाबाट कुल प्राप्तांक कायम गरी अन्तवार्तामा सम्बन्धित परीक्षार्थी सफल वा असफल भएको जनाउनु पर्नेछ ।
- अन्तवार्ता समितिले सफल परीक्षार्थीको सूचि सहित चालक अनुमतीपत्र प्रदान गर्नको लागि अधिकार प्राप्त अधिकारी समक्ष सिफारिश गर्नेछ ।
- प्रत्येक सदस्यले अन्तवार्तामा आफनो आफन्त वा चिनजान नजिकको व्यक्ति परीक्षार्थीको रुपमा सहभागी नभएको स्वयं घोषणा गर्नु पर्नेछ ।
- प्रत्येक दिनको परीक्षा संचालन भएको अभिलेख कार्यालयमा दुरुस्त राख्नु पर्नेछ ।
- नतिजा प्रकाशन भएको ३ दिन भित्र कुनै परीक्षार्थीले कार्यालयमा लिखित निवेदन दिई आफूले प्राप्त गरेको कुल अंक जानकारी लिन चाहेमा कार्यालले लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

- अन्तवार्तामा Heavy Equipment सम्वन्धित मापदण्डभुत ज्ञानको बारेमा देहायको विषयमा केन्दित भई सकभर वस्तुगत (Objective) प्रश्न मात्र सोधिनेछ:
- Heavy Equipment को प्रकार र त्यसको कार्य सम्वन्धि ।
- Heavy Equipment को इन्जिन तथा अन्य भागको सामान्य जानकारी सम्वन्धि।
- Heavy Equipment को संचालन् तथा सामान्य मर्मत सम्वन्धि
- Heavy Equipment को निर्माण उपकरण (मेसिन) चलाउँदा ध्यान दिनु पर्ने सुरक्षा सम्वन्धि विषय।
- Heavy Equipment को सवारी चालक अनुमतीपत्र प्राप्त गर्ने योग्यता सम्वन्धि विषय ।

४) <u>पुनः परीक्षा दिनु पर्ने:</u> प्रयोगात्मक परीक्षामा सफल भएको तर अन्तवार्तामा असफल भएको परीक्षार्थीले पहिलो पटक पुनः प्रयोगात्मक परीक्षा दिनु नपर्ने र बढीमा १५ दिन भित्र कार्यालयले सो उम्मेदवारको पुनः अन्तवार्ता लिईदिनु पर्नेछ। दोश्रो पटक पनि अन्तवार्तामा असफल हुने परीक्षार्थीले ३० दिन भित्र पुनः तेश्रो पटक अन्तवार्तामा सहभागी हुन पाउनेछन् । तेश्रो पटक पनि अन्तवार्तामा असफल हुने परीक्षार्थीले नियमानुसार प्रयोगात्मक परीक्षा पनि दिनु पर्नेछ ।

५) माथि प्रकरण ५ मा उल्लेख भए अनुसार कार्यालयले परीक्षार्थीको प्रयोगात्मक र अन्तवार्ता कार्य तालिका निर्धारण गर्नु पर्नेछ ।

६. <u>अन्य व्यवस्था</u>

१) मापदण्ड संशोधन तथा परिमार्जनः प्रदेश सरकारबाट प्रयोगात्मक परीक्षा सम्बन्धि मापदण्ड संशोधन वा परिमार्जन भएमा सेवा प्रदायकले एक महिना भित्र सो परिमार्जित मापदण्ड अनुसारको प्रयोगात्मक परीक्षा स्थल वनाउनु पर्नेछ ।

२) यस मापदण्डमा संशोधनः आवश्यकता अनुसार मन्त्रालयले सरोकारवालाहरुसंग छलफल गरी यस मापदण्डमा संशोधन गर्न सक्नेछ ।

३) प्रचलित कानून लागू हुनेः यस मापदण्डमा उल्लेख नभएको विषयमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५, सवारी चालक अनुमतीपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनोट तथा संचालन) (पहिलो संशोधन), कार्यविधि, २०७९ र सवारी चालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका, २०७४ बमोजिम हुनेछ।

मन्त्री

अनुसूची-१

अन्तवार्तामा परीक्षार्थीले प्राप्त गरेको प्राप्तांक विवरण (अन्तवार्ता समितिका प्रत्येक सदस्यले छुटाछुटै भर्नु पर्नेछ।

परिक्षार्थीको नाम थर:

ठेगाना:

रोलक्रम संख्या:

| प्रत्येक सही उत्तर वापतको प्राप्तांक विवरण | प्रश्न नम्वर १ | प्रश्न नम्वर २ | प्रश्न नम्वर ३ | प्रश्न नम्वर ४ | प्रश्न नम्वर ५ | जम्मा प्राप्तांक (अंकमा) | जम्मा प्राप्तांक (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्तांक | .......... | .............. | ............. | .............. | ........... | ........... | ........... | |
| | | | | | | | | |

अन्तवार्ता समितिको सदस्यको

नाम थर:

कार्यालय:

हस्ताक्षर:

मिति:

## अनुसूचि २

अन्तर्वार्तामा परीक्षार्थीले प्राप्त गरेको कुल प्राप्तांक विवरण (अन्तर्वार्ता समितिका प्रत्येक सदस्यले छुटाछुटै मूल्यांकन गरेका कुल अंकको योग समितिको संयोजकले तयार गरी प्रमाणित गर्नु पर्नेछ।

| क.स. | परीक्षार्थीको नाम/थर | | समितिको सदस्यको नाम थर.............. | समितिको सदस्यको नाम थर........... | समितिको सदस्यको नाम थर............. | परिक्षार्थीले पाएको कुल अंक | प्राप्तांक अक्षरमा | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सफल | असफल |
| | | मूल्यांकन वापतको प्राप्तांक | | | | | | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

माथि उल्लेखित भएका परीक्षार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कको मापदण्डमा अन्तवार्तामा सफल/असफल भएको व्यहोरा प्रमाणित गरी कार्यालयलाई सिफारिश गर्दछौं।

| | | |
|---|---|---|
| नाम थर | नाम थर | नाम थर |
| पद | पद | पद |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |

मितिः

मन्त्री